# राष्ट्रिय सूचना आयोग

काठमाडौं

**सूचना आयुक्त**

०१-४५९६५४८


## अदालतहरुमा सूचना अधिकारी तोक्न र स्वत प्रकाशन गर्ने सम्बन्धी प्रेस विज्ञप्ति

सार्वजनिक निकायहरुको पारदर्शी र उत्तरदायी क्रियाकलाप लोकतन्त्रको एउटा महत्वपूर्ण आधार स्तम्भ हो । नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । यस संवैधानिक हकलाई कार्यान्वयन गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ जारी भई कार्यन्वयनमा रहेको छ । सही सूचना प्रवाह हुन नसक्दा मिथ्या, गलत, भ्रामक, अफवाहजन्य सूचनाका कारण सर्वसाधारण नागरिकलाई दिगभ्रमित बनाउने संभावना रहन्छ ।

सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ४ उपदफा (१) र उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिम क्रमश: सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्नेछ, सूचना समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो कामकारवाही खुला र पारदर्शी रुपमा गर्ने दायित्व सार्वजनिक निकायहरुको हुने व्यवस्था गरेको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ६ को उपदफा १ मा सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ भन्ने व्यवस्था रहेको छ । साथै सोही ऐनको दफा ५ को उपदफा ३ र ४ ले सो निकायसंग सम्बन्धित सूचना सुचीकृत गरी प्रत्येक ३ महिनामा प्रकाशन गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ ।

हालै सूचनाको हकका लागि राष्ट्रिय महासंघले आयोजना गरेको सम्मेलनका क्रममा कतिपय अदालतहरुमा कानून बमोजिम तोकिनुपर्ने सूचना अधिकारी नतोकिएको र स्वत प्रकाशन नभएको भनाई आएको सन्दर्भमा सूचना अधिकारी तोक्न वा स्वत प्रकाशन हुन बांकी रहेका अदालतहरुमा सूचना अधिकारी तोकी निजको नाम र सम्पर्क नंवर तथा इमेल सार्वजनिक गर्ने र प्रत्येक ३/३ महिनामा गर्नु पर्ने स्वत: प्रकाशन गर्ने व्यवस्था हुन सर्वोच्च अदालतका मूख्य रजिष्ट्रार मार्फत सबै अदालतहरुलाई सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम आदेश दिने निर्णय आयोगको मिति २०८० कात्तिक २४ गते बसेको बैठकले गरेको छ ।

२०८० साल मंसिर १ शुक्रवार

कमला ओली थापा
प्रवक्ता तथा सूचना आयुक्त